हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्त्रेभञ्ज्याङ्, स्याङ्जा
२०७३

२०८०/७/१७

आज मिति २०८०/०७/१७ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो ।

तपशिल:

| पदाधिकारीको नाम,थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | Buddhi |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री बिजय भट्टराई | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

विजय भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिसेभञ्ज्याङ, स्याङ्जा
२०७३

| अन्य उपस्थिति | | |
|---|---|---|
| श्री बिदुर सिग्देल | अधिकृत छैठौं | |
| श्री नोल बहादुर थापा | अधिकृत छैठौं | |
| श्री लाल चन गैह्रे | लेखापाल | |
| श्री पर्शुराम सिग्देल | स्वकीय सचिव | |

श्री राजिव घिमिरे सूचना. प्र. अधिकृत

बैठकका एजेण्डा

१. गत बैठकको समिक्षा ।
२. बिभिन्न योजना तथा कार्यक्रमको लागि रकम प्रदान सम्बन्धमा ।इप्रका,चित्रे प्रहरी चौकी
३. गाउँ प्रहरीको राशन भत्ता प्रदान सम्बन्धमा ।
४. दग्दी कुलिंखोला पार्ट २ को लागि रकम प्रदान सम्बन्धमा ।
५. हरिनास गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि– २०७६ लाई संशोधन सम्बन्धमा।
६. च्याउ पकेट निरन्तरता कार्यक्रम चित्रे कृषक समुह वडा ४ को निरन्तरता सम्बन्धमा ।
७. किसान सूचीकरण कार्यक्रमको लागि वडा छनौट सम्बन्धमा ।
८. वाखा पकेट निरन्तरता सम्बन्धमा ।
९. हरिनास गाउँपालिकाको स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण सम्बन्धमा ।
१०.करार कर्मचारी भर्ना सम्बन्धमा ।
११.चित्रे प्रहरी चौकीको लागि जग्गा सिफारिस सम्बन्धमा ।
१२.अन्य विबिध सम्बन्धमा ।

-वालकल्याण अधिकारी तोक्ने सम्बन्धमा

निर्णयहरु

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा गत कार्यापलिका बैठकमा भएका निर्णयहरुको समिक्षात्मक गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल गर्दा यस गाउँपालिका आव २०८०/८१ को जनता संग अध्यक्ष कार्यक्रम शीर्षकबाट तपशिल बमोजिमको योजना तथा कार्यक्रमको लागि तपशिल बमोजिमको बजेट उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्रस | योजना तथा कार्यक्रमको नाम | स्थान | रकम रु | बजेट शीर्षक | कै. |
|---|---|---|---|---|---|
| १ | इलाका प्रहरी कार्यालय चिसापानी मौला पुजा | हरिनास २ | ३००००।तिस हजार मात्र | जनतासंगअध्यक्ष | |

विजय भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रमको लागि | | | |
| २ | चित्रे भन्ज्यांगप्रहरी चौकी ,मौला पुजा | हरिनास ४ | २०००० विस हजार | विविधखर्च शीर्षक |
| ३ | वडा स्तरमा तिज गीत प्रतियोगिता कार्यक्रम २०८० | हरिनास १-७ | २१०००० दुइ लाख दश हजारप्रति वडा रु ३०००० तिस हजार | विविध कार्यक्रम |
| ४ | भिमाद एफ एम | | १५००० पन्ध्र हजार | पत्र पत्रिका छपाई तथा सुचना प्रकाशन |
| ५ | एक्टिभ म्युजिक अवार्ड काठमाण्डौ, म्युजिक अवार्ड प्रदान कार्यक्रम | | १५००० पन्ध्र हजार | पत्र पत्रिका छपाई तथा सुचना प्रकाशन |
| ६ | पोखरा टेलिभिजन एण्ड मिडिया प्रा.लि.पोखरा, | | १५००० पन्ध्र हजार | पत्र पत्रिका छपाई तथा सुचना प्रकाशन |

निर्णय नं ३ प्रस्ताव नं ३ माथी छलफल गर्दा यस गाउँपालिकामा कार्यरत गाउँ प्रहरी कर्मचारीलाई मासिक रुपमा राशन भत्ता स्वरुप प्रति महिना रु ३००० तिन हजारका दरले २०८० साउन देखी लागु हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ४ प्रस्ताव नं ४ माथी छलफल गर्दा हरिनास गाउँपालिका वडा ६ र ७ लाई जोड्ने दग्दी कुलिंखोला दोभान वडर भन्ज्यांग किहुँ मोटर वाटो(पार्ट २) निर्माणको लागि आव.२०७८/७९मा रु २९१७४९३६| दुइ करोड एकानब्बे लाख चौहत्तर हजार नौ सय छत्तिस रुपया मात्रमा पराजुली कन्स्ट्रक्सन प्रा.लि.संग गण्डकी प्रदेश सरकारको आव २०७८/७९ को बजेट तथा कार्यक्रम अन्तर्गत समपुरक अनुदान रु १०००००००|रु एक करोड मात्र र वांकी रकम गाउँपालिकाबाट व्यहोर्ने गरी सम्झौता भइ पेश्की र प्रथम रनिंग विल भुक्तानीमा गाउँपालिकाबाट रु ६८१५५०६|आठ्सठी लाख पन्ध्र हजार पाँच सय छ मात्र र गण्डकी प्रदेश सरकारबाट रु ४६०००००| छयालीस लाख मात्र निकासा प्राप्त भएकोमा निकासा प्राप्त हुन् बाँकी रकम रु ५४०००००| चउन्न लाखमात्र निकासा प्राप्त नहुने भनि लेखी आएकोले योजनाको बाँकी सम्पूर्ण दायित्व गाउँपालिकाले नै व्यहोर्ने निर्णय गर्दै हाल दोश्रो रनिंग विल वापतको रु ८२८१६५८|४०अक्षरुपी बयासी लाख एकासी हजार छ सय अन्ठाउन्न र पैसा चालिस मात्र गाउँपालिकाको यस आव २०८०/८१ को बजेट तथा कार्यक्रमको समपुरक कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ५ प्रस्ताव नं ५ माथी छलफल गर्दा हरिनास गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

CamScanner

परिच्छेद ४ को दफा ९ (२)को क्रम संख्या ९ थप गरी प्राकृतिक प्रकोपको कारण घर/गोठ जोखिममा परेमा रु ५०००-१५००० (पांच हजार देखी पन्ध्र हजार) सम्म सहयोग गर्ने ।

दफा १०(३)(ख) १महिना को सट्टा चालु १ आर्थिक वर्ष कायम गर्ने ।

दफा १०(३)(च) उपचार संग सम्बन्धित कागजात जांच गर्दा स्वास्थ्यशाखासंग राय माग गर्न सक्ने थप गर्ने ।

निर्णय नं ६ प्रस्ताव नं ६ माथी छलफल गर्दा यस गाउँ पालिका अन्तर्गत वडा ४ मा संचालनमा रहेको च्याउ पकेट कार्यक्रमलाई चालु आवमा चित्रे कृषक समुह वडा-४ को निरन्तरता गर्ने निर्णय गरियो ।

निर्णय नं ७ प्रस्ताव नं ७ माथी छलफल गर्दा संघीय सरकारबाट प्राप्त कृषि कार्यक्रम तर्फ किसान सूचीकरण कार्यक्रम चालु आव २०८०/८१ मा हरिनास गाउँपालिका वडा २ र ३ मा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ८ प्रस्ताव नं ८ माथी छलफल गर्दा यस गाउँपालिकामा संघिय सरकार द्वारा सशर्त अनुदानको रुपमा प्राप्त अनुदानको रकम मध्ये  वाखा पकेट कार्यक्रमको लागि प्राप्त रकमबाट गत आवमा संचालन भएको स्थानलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं ९ प्रस्ताव नं ९ माथी छलफल गर्दा हरिनास गाउँपालिकाको स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण प्रक्रिया आगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं १० प्रस्ताव नं १० माथी छलफल गर्दा यस गाउँपालिका स्वीकृत दरवन्दी भित्र रहेर रिक्त दरवन्दीमा करार बिज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।साथै मिति २०७९/१२/०८ गते प्रकाशित बिज्ञापन नं.१५/०७९/८०को बिज्ञापन लाई रद्द गर्ने र १६/२०७९/८० को प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ११ प्रस्ताव नं ११ माथी छलफल गर्दा चित्रे भन्ज्यांग प्रहरी चौकीको भवन निर्माणको लागि जग्गा आवश्यक रहेको र सो को लागि हरिनास गाउँपालिका वडा ४ स्थित साविक कि.नं.१ को सार्वजनिक जग्गा नियमानुसार उपलब्धताका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं १२ प्रस्ताव नं १२ माथी छलफल गर्दा वालवालिका ऐन २०७५ अनुसार यस हरिनास गाउँपालिकाको वाल कल्याण अधिकारीको रुपमा यस कार्यालय कार्यरत महिला बिकास निरीक्षक सुकुमाया थापा लाई तोक्ने निर्णय गरियो ।

विजय भट्टराई
प्रमुख प्रशासकीय अधिकृत